नेपाल सरकार
भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय

सडक विभाग

सरुवा/पदस्थापन तथा काज सम्बन्धी मापदण्ड, २०६९
स्वीकृत मिति २०६९/०५/१७

प्रस्तावनाः

निजामती सेवा नियमावली २०५० को नियम ३६ को उपनियम (१५) को प्रावधानको अधिनमा रही सडक विभागले यो मापदण्ड बनाई लागू गरेको छ ।

१) **संक्षिप्त नाम विस्तार र प्रारम्भ** :-

(१) यो मापदण्डको नाम "सरुवा/पदस्थापन तथा काज सम्बन्धी मापदण्ड, २०६९" रहेको छ ।

(२) यो मापदण्ड यस विभागबाट हुने निजामती कर्मचारीहरुको सरुवा/पदस्थापन तथा काजको लागि लागू हुनेछ ।

(३) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

(४) यो मापदण्ड यस विभाग अर्न्तगत श्रेणी विहीन वा सो सरहदेखि राजपत्राङ्कित तृतीय श्रेणी सम्मका पदमा सरुवा/पदस्थापन तथा काजको लागि प्रयोग हुनेछ ।

२) **परिभाषा** : यस मापदण्डमा :-

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्दछ ।

(ग) "मापदण्ड" भन्नाले सरुवा/पदस्थापन तथा काज सम्बन्धी मापदण्ड, २०६९ सम्झनु पर्दछ ।

३) **सरुवाको आधार** :

निजामती सेवा ऐन तथा नियमावलीमा उल्लेख भएका प्रवधानहरुको अधिन र सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित सरुवा/पदस्थापन तथा काज सम्बन्धी मापदण्ड, २०६९ तथा भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयबाट मिति २०६९।५।१२ मा स्वीकृत सरुवा पदस्थापन तथा काज सम्बन्धी मापदण्ड, २०६९ को मार्ग निर्देशनमा रही यस विभागबाट सरुवा गर्दा देहाय बमोजिमका आधारहरु अवलम्बन गरिने छ ।

१) यस सडक विभाग अन्तर्गत "क" वर्गको जिल्लामा कुनै स्थायी प्रकृतिको कार्यालय नरहेको, "ख" वर्गको जिल्लामा जम्मा ३ वटा कार्यालय रहेको र अन्य सम्पूर्ण कार्यालयहरु "ग" वा "घ" वर्गका जिल्लामा रहेका छन् । यस अवस्थामा यस विभागबाट निजामती कर्मचारीको सरुवागर्दा "ख" वर्गबाट "घ" वर्गमा र "घ" वर्गबाट "ख" वा "ग" वर्गमा वा एउटै वर्गभित्र सरुवा गर्नुपर्ने अवस्था रहेको हुंदा औचित्य हेरि सोही बमोजिम सरुवा गरिनेछ ।

२) स्वीकृत दरवन्दीमा पदाधिकार रहेका कर्मचारीलाई कुनै पनि अवस्थामा फाजिल पदमा पदस्थापन वा सरुवा गरिने छैन ।

३) कुनै कार्यालयबाट अन्य कार्यालयमा सरुवा गर्दा अवधि पुगेका सबै कर्मचारीलाई एकैपटक सरुवा गर्दा कार्यालयमा पुराना अनुभवी कर्मचारीहरु नरहने भई संस्थागत स्मरण (Institutional Memory)मा असर पर्ने देखिएमा कम्तीमा २५% कर्मचारीहरु बाकी राखी मात्र सरुवा गरिनेछ ।

४) सरुवा भएको ३ दिनभित्र सरुवा पत्र तयार गरी चलानी गरिने छ ।

५) तोकिएको समय तालिका बाहेकको समयमा सरुवा गर्नु परेमा सामान्य प्रशासन मन्त्रालयसँग सरुवा सहमति माग गर्दा रिक्त पदको लागि मात्र अनुरोध गरिने छ ।

६) यसरी सरुवा सहमती माग गर्दा पद रिक्त रहनुको कारण र रिक्त रहेको मिति समेत खुलाई पठाइने छ ।

७) सरुवा सहमति माग गर्दा मन्त्रालयस्तरबाट निर्णय गराई सहमति माग गरिने छ ।

८) तोकिएको समय तालिका बाहेकको समयमा सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सरुवा गर्दा सरुवा पत्रमा सामान्य प्रशासन मन्त्रालयलाई दिइने बोधार्थमा उक्त मन्त्रालयको सहमति पत्रको चलानी नं र मितिको विवरण दिइनेछ । साथै निजामति किताबखानामा सामान्य प्रशासन मन्त्रालयको सरुवा सहमति पत्रको प्रतिलिपि समेत पठाइने छ ।

९) यस विभागबाट निजामती कर्मचारीलाई काज खटाउँदा काज अवधि तोकेर मात्र खटाईने छ ।

१०) निजामती सेवा ऐन २०४९ को दफा १८ क १, बमोजिम निजामती कर्मचारीलाई काज खटाउँदा सम्बन्धित कार्यालयलाई काज खटिएको कर्मचारीको काज अवधि समाप्त हुनासाथ पदाधिकार रहेको कार्यालयमा फिर्ता गर्न काज सम्बन्धी पत्रमै निर्देशन दिइनेछ ।

११) ऐनको दफा १८ क २, बमोजिम आयोजनामा काज खटाउदा एकपटकमा बढीमा १ वर्षको लागि खटाइनेछ ।

१२) ऐनको दफा १८ (७) बमोजिम नियुक्त भएका राजपत्र अनङ्कित कर्मचारीलाई नियुक्ति भएको १० वर्ष पुरा नभई निज कार्यरत अञ्चलभन्दा बाहिर सरुवा गरिने छैन ।

१३) कुनै पनि निजामती कर्मचारी उमेरको कारणले अवकाश हुन १ वर्ष भन्दा कम अवधि बांकी रहेको भए निजले इच्छा व्यक्त गरेको अवस्थामा बाहेक अन्यत्र कार्यालयमा सरुवा गरिने छैन ।

१४) सरुवा गर्दा कम कार्यवोझ भएको कार्यालयबाट बढी कार्यवोझ भएको कार्यालयमा र बढी कार्यवोझ भएको कार्यालयबाट कम कार्यवोझ भएका कार्यालयम सरुवा गर्ने नीति लिइने छ ।

१५) सरुवा/काज खटाउँदा दुर्गम स्थानका कार्यालय/आयोजनाका पद रिक्त नहुने गरी सरुवा गर्न/ काज खटाउन प्राथमिकता दिइने छ ।

१६) सरुवा सम्बन्धी निर्णय गर्दा सरुवा हुने कर्मचारी हालको कार्यालयमा बसेको अवधि हालको कार्यालय रहेको जिल्लाको वर्ग, प्रस्तावित कार्यालय रहेको जिल्लाको वर्ग र अवधि समेत खुलाई निर्णय गरिने छ ।

१७) सरुवा भएका/काज खटिएका कर्मचारीलाई तोकिएको अवधि भित्र रमाना दिनु सम्बन्धित कार्यालयको कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

१८) यो मापदण्ड लागू भएको सम्बन्धमा ऐनको दफा १८ क १, मा तोकिएको अवधिभन्दा बढी काजमा बसेको कुनै कर्मचारी भए निजलाई तत्काल पदाधिकार रहेको कार्यालयमा फिर्ता गर्नु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

१९) सरुवा गर्दा क्षेत्रीय सडक निर्देशनालय र योजनामा बसी कार्य गरेकाहरुलाई प्राथमिकता दिई डिभिजन सडक कार्यालयहरुमा सरुवा गरिनेछ ।

२०) केन्द्रीय स्तरका राष्ट्रिय स्तरका ट्रेड युनियनका पदाधिकारीहरुलाई सम्बन्धित ट्रेड युनियनको सहमति बाहेक सरुवा गरिने छैन ।

२१) डिभिजन सडक कार्यालयमा बसिसकेका कर्मचारीहरुलाई क्षेत्रीय सडक निर्देशनालय तथा योजना कार्यालयहरुमा सरुवा गर्ने नीति लिइनेछ । तर क्षेत्रीय तथा योजना कार्यालयमा कार्यरत कर्मचारी(हरु)ले सरुवा भई जाने इच्छा व्यक्त नगरेको वा निज(हरु)को संख्या नपुग भएको अवस्थामा भने डिभिजन सडक कार्यालयबाट डिभिजन सडक कार्यालयमा सरुवा गर्न वाधा पर्ने छैन ।

२२) सडक दस्तुर उठ्ती कार्यालयमा हालसम्म एक पटक पनि काम गर्ने अवसर नपाएका कर्मचारीहरुलाई सम्बन्धित डिभिजन सडक कार्यालयसँग समन्वय गरी वढीमा ३ महिनाको लागि काजमा खटाइनेछ । यसरी काज खटाउँदा प्रशासन सेवा तर्फका कर्मचारीहरुलाई प्राथमिकता दिई पटक पटक एउटै कर्मचारी नदोहोरिने गरी गरिनेछ ।

२३) यस मापदण्डमा लेखिएका कुराहरु ऐन, वा नियमावलीमा भएका व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म ऐन वा नियमावली अनुरुप नै हुनेछ ।